श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, पाल्पाका प्र. जि. अ. श्री गजेन्द्रबहादुर मूल जिल्ला कार्यालय रूपन्देहीको प्र. जि. अ. (रा.प. प्रथम श्रेणी) पदमा का.मु. मुकरर भै जानुभएकोले निज फर्की हाजिर नभएसम्मको लागि सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी जिल्ला पञ्च सचिवालय, पाल्पाको पं. वि. अ. श्री अनन्तराज पाण्डेलाई मिति २०३७।४।१२ देखि का. मु. मुकरर गरिएको छ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

श्री ५ को सरकार

गृह पञ्चायत मन्त्रालयको

सूचना

जिल्ला कार्यालय, प्यूठानको प्र.जि.अ.श्री मुकुन्दप्रसाद घिमिरेलाई जिल्ला कार्यालय, लमजुङ्गको प्र.जि.अ. मा काज खटाइएकोले निज काजबाट फर्की हाजिर नभएसम्मका लागि सो जिल्ला कार्यालय, प्यूठानको प्र.जि.अ. पदमा नि.से.नि.,२०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री ध्रुवप्रसाद रेग्मीलाई मिति २०३७।३।३० देखि का.मु. मुकरर गरिएको छ।

आज्ञाले–

रामचरण प्रधानाङ्ग

श्री ५ को सरकारको उप-सचिव

४६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।